राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ७ अंक १८१ २०८२ माघ २० गते मंगलवार (3 Feb. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## धनुषामा चार करोड मूल्य बराबरको धान खरिद



दैनिक समाचारदाता

जनकपुरधाम, १९ माघ । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, मधेस प्रदेश कार्यालय जनकपुरधामले विगत दुई महिनामा किसानबाट रु चार करोड सात लाख ६४ हजार २९० मूल्य बराबरको धान खरिद गरेको जनाएको छ ।

कार्यालयका अनुसार महोत्तरी र धनुषा जिल्लाका २४० किसानबाट हालसम्म ११ हजार २३५ क्विन्टल सोना मन्सुली धान खरिद गरिएको हो । प्रतिक्विन्टल तीन हजार ६२८ रुपैयाँ ३३ पैसाको दरले ११ हजार २३५ क्विन्टल धान खरिद गरिएको कार्यालयका प्रादेशिक प्रमुख निर्मल थापाले बताउनुभयो । गत मङ्सिर २८ गतेदेखि धान खरिद सुरु गरिएको र हालसम्म सो परिमाणको धान खरिद भइसकेको कार्यालयका प्रमुख थापाले बताउनुभयो ।

उहाँका अनुसार यस वर्ष धान बिक्रीका लागि धनुषा र महोत्तरीका ठूलो सङ्ख्यामा किसानले कार्यालयमा नाम दर्ता गराएको छ । बजार मूल्यभन्दा यस कार्यालयबाट धान खरिद मूल्य बढी भएकाले धान बिक्री गर्ने किसान आउने क्रम बढेको उहाँको भनाइ छ ।

बजारमा रु ३ हजार प्रतिक्विन्टल धान खरिद बिक्री भइरहेको छ । कम्पनीले प्रतिकिसान अधिकतम ५० क्विन्टलसम्म धान खरिद गर्दै आएको भए पनि स्थानीय तहको सिफारिसका आधारमा केही किसानबाट करिब ५५ क्विन्टलसम्म धान खरिद गरिएको सहायक प्रबन्धक गङ्गाप्रसाद साहले जानकारी दिनुभयो ।

बाँकी ३ पृष्ठमा

## चार वर्षपछि फैसला, पार्टी नै हरायो



दैनिक समाचारदाता

काठमाडौं १९ माघ । नेकपा एमाले विभाजनपछि गठन भएको नेकपा एकीकृत समाजवादीको आधिकारिकता सम्बन्धी विवाद टुंग्याउन सर्वोच्च अदालतलाई चार वर्ष लाग्यो । तर सर्वोच्च अदालतले मुद्दामा प्रवेश गर्दासम्म एकीकृत समाजवादी पार्टीको अस्तित्व नै समाप्त भइसकेको थियो ।

गत पुस २१ गते न्यायाधीशद्वय मनोजकुमार शर्मा र सुनिलकुमार पोखरेलको संयुक्त इजलासले नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीद्वारा दायर रिट निवेदन खारेज गरिदियो । सर्वोच्चले रिट खारेज गर्दा सो पार्टी माओवादी केन्द्रसँग एकता भई पुनः 'नेपाली कम्युनिस्ट पार्टी (नेकपा)' बनेको अवस्था थियो, जसका कारण मुद्दा औचित्यहीन बन्न पुगेको अदालतको ठहर छ । २०७८ भदौ २ मा नेकपा एमाले विभाजन गरी माधवकुमार नेपालको नेतृत्वमा नेकपा एकीकृत समाजवादी गठन भएपछि यसको वैधानिकतामाथि प्रश्न उठाउँदै एमाले अध्यक्ष ओलीले निर्वाचन आयोग, तत्कालीन सभामुख अग्निप्रसाद सापकोटा तथा लुम्बिनी प्रदेश सभामुखलाई विपक्षी बनाएर सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । उक्त रिटमा एकीकृत समाजवादीका १४ सांसदलाई पदमुक्त गर्न माग गरिएको थियो ।सरकारले राजनीतिक दलसम्बन्धी ऐन संशोधन गरी केन्द्रीय समिति वा संसदीय दलको २० प्रतिशत सदस्यले पार्टी विभाजन गर्न सक्ने गरी अध्यादेश जारी गरेपछि एकीकृत समाजवादी गठन भएको थियो । सोही अध्यादेशको वैधानिकतामाथि प्रश्न उठाउँदै रिट दायर गरिए पनि मुद्दा लामो समयसम्म सर्वोच्चमा थन्किएर बस्यो ।

मुद्दाको पहिलो पेसी २०७८ भदौ १८ मा तोकिए पनि पटक-पटक 'हेर्न नभ्याइने', 'बेन्च नबस्ने' र 'स्थगित' हुँदै गएको थियो । अन्तरिम आदेश, कारण देखाऊ आदेशदेखि पूर्ण सुनुवाइको आदेशसम्म पुगेको मुद्दा अन्ततः चार वर्षपछि मात्रै सुनुवाइमा प्रवेश गर्‍यो । तर त्यतिबेला पार्टी नै विलय भइसकेकाले सर्वोच्च अदालतले रिट खारेज गरिदियो । यसैबीच, उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल (जसपा) विभाजनसम्बन्धी विवाद पनि सर्वोच्च अदालतमा विचाराधीन अवस्थामा छ । अशोककुमार राईसहितका नेताहरूले पार्टी विभाजन गरी 'जनता समाजवादी पार्टी' दर्ता गरेपछि निर्वाचन आयोगको निर्णयविरुद्ध उपेन्द्र यादव २०८१ जेठ २९ गते सर्वोच्च अदालत पुगेका हुन् ।

यादव पक्षले राजनीतिक दलसम्बन्धी ऐनमा दल विभाजनसम्बन्धी स्पष्ट व्यवस्था नरहेको अवस्थामा निर्वाचन आयोगले नयाँ दल दर्ता गरी सांसदहरूलाई मान्यता दिनु कानुनविपरीत भएको दाबी गरेका छन् । उक्त मुद्दा हाल सर्वोच्च अदालतको पूर्ण इजलासमा विचाराधीन छ । राजनीतिक दलसम्बन्धी अध्यादेश र त्यसका आधारमा संशोधित नियमावलीका कारण दल विभाजन, सांसदको मान्यता र निर्वाचन आयोगको अधिकारक्षेत्रबारे उत्पन्न विवादहरूले नेपाली राजनीतिमा दीर्घकालीन कानुनी अन्योल सिर्जना गरेको विश्लेषकहरूको टिप्पणी छ । अदालतमा ढिलो निर्णय हुँदा राजनीतिक यथार्थ भने बदलिइसकेको देखिएको छ ।

## महोत्तरीमा निर्वाचन सुरक्षा चुनौती, हतियार बुझाउने न्यून

दैनिक समाचारदाता

महोत्तरी, १९ माघ । जिल्ला प्रशासन कार्यालय महोत्तरीले प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरि ईजाजत प्राप्त हातहतियार बुझाउन गरेको आग्रहको करिब एक महिनामा २३ थान मात्रै हतियार बुझाइएको छ ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीले पुस २९ गते एक सूचना जारी गर्दै प्रतिनिधिसभा निर्वाचनको लागि आफुसँग भएको इजाजतप्राप्त हातहतियार बुझाउन आग्रह गरेको थियो ।

फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष, शान्तिपूर्ण तथा भयरहित वातावरणमा सम्पन्न गराउने उद्देश्यले प्रशासन गरेको आग्रहपछि अहिलेसम्म २३ जनाले मात्रै हतियार बुझाएको महोत्तरीका प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवले जानकारी दिनुभयो ।

प्रमुख जिल्ला अधिकारी यादवले १५ दिन भित्र जिल्ला प्रहरी कार्यालय महोत्तरीमा ईजाजतपत्र प्राप्त हातहतियार बुझाउन आग्रह गरेवमोजिम अहिलेसम्म २३ जनाले मात्रै हतियार बुझाएको बताउनुभयो। महोत्तरी जिल्लामा ३१४ थान विभिन्न किसिमको हतियार ईजाजतप्राप्त रहेको जिल्ला प्रशासन कार्यालय महोत्तरीले जनाएको छ ।

निर्वाचनको सुरक्षा संवेदनशिलतालाई हेर्दै जिल्ला प्रहरी कार्यालय वा नजिकको प्रहरी इकाई कार्यालयमा इजाजतप्राप्त हतियार बुझाउन आग्रह गरिए वमोजिम हतियार बुझाइएको र अहिले पनि हतियार बुझाउन सकिने जनाइएको छ ।

तोकिएको समयमा हातहतियार नबुझाए वा अटेर गरेमा प्रचलित कानुन बमोजिम हातहतियार जफत गर्नुका साथसाथै कानूनी कारवाही समेत अगाडी बढाइने भएकोले हतियार बुझाउन जिल्ला प्रशासन कार्यालयले पुनः आग्रह गरेको छ । जिल्ला प्रशासन तथा प्रहरीमा बुझाइएका हातहतियार निर्वाचन सम्पन्न भएपछि सम्बन्धित धनीलाई फिर्ता गरिने र ती हातहतियार सुरक्षित रूपमा राखिने पनि प्रजिअ यादवले बताउनुभयो ।

महोत्तरीमा १६३ मतदानस्थललाई अतिसंवेदनशील, ८९ लाई संवेदनशील मानेर सुरक्षा अवस्थाको बर्गिकरण गरिएको छ भने भदौमा जेनजी आन्दोलनमा जिल्ला कारागार महोत्तरीबाट फरार भएका धेरै कैदीवन्दी अहिलेसम्म पनि फिर्ता आउन नसकेको देखिएको छ ।


महोत्तरी जिल्लामा प्रतिनिधिसभा निर्वाचनको लागि चारवटा क्षेत्रहरुमा २५८ मतदानस्थल र ५३६ मतदान केन्द्र थपिएको छ । जसमा चारवटा अस्थायी मतदान केन्द्र समेत रहेका छन् ।

विगत २०७९ सालमा भएको प्रतिनिधिसभा निर्वाचनको समयमा महोत्तरीमा ४९९ मतदान केन्द्र तथा २५८ मतदानस्थल रहेको थियो जिल्ला निर्वाचन कार्यालय महोत्तरीका सूचना अधिकारी राकेश ठाकुरले जानकारी दिनुभयो । उहाँले यसपालिको निर्वाचनको लागि महोत्तरीमा महोत्तरीमा ३४ हजार २५२ मतदाता थपिएको जानकारी समेत दिनुभयो ।

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि २ लाख ३५ हजार १८३ पुरुष, १ लाख ९६ हजार ९७ महिला गरी कुल ४ लाख ३१ हजार २८२ मतदाताले मत खसाल्न पाउने जनाएको छ । २०७९ सालमा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा महोत्तरीमा ३ लाख ५७ हजार ३० मतदाता रहेको थियो ।

जिल्लामा सुरक्षा व्यवस्थापनको लागि निर्वाचन प्रहरीको तालिम समेत शुरु गरिसकिएको छ ।

अब अनलाइनबाट बुकिङ्को सुविधा





- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि


www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# आदेशभन्दा अगाडि कार्यान्वयनको सवाल

नेपालको संविधानले प्रत्याभूत गरेको सामाजिक न्यायको हक कार्यान्वयनका सवालमा सर्वोच्च अदालतले हालै दिएको निर्देशनात्मक आदेश केवल कानुनी व्याख्या मात्र होइन, राज्यका तीनै तहलाई दिएको कडा नैतिक र संवैधानिक चेतावनी पनि हो । सङ्घ, प्रदेश र स्थानीय तहले संविधानको धारा ४२ लाई कागजमै सीमित नराखी व्यवहारमा उतार्नुपर्ने स्पष्ट सन्देश अदालतले दिएको छ । संविधान जारी भएको झण्डै एक दशक बितिसक्दा पनि सामाजिक न्यायका सवालमा राज्यको उदासीनता देखिनु स्वयंमा गम्भीर प्रश्न हो ।

रौतहटको फतुवा विजयपुर नगरपालिकाका खजान्ती महतो नुनियाँले दायर गरेको रिट निवेदनले राज्यका संरचनात्मक कमजोरीलाई पुनः सतहमा ल्याएको छ । संविधानमा सुनिश्चित गरिएको सामाजिक न्यायको हक कार्यान्वयन हुन नसकेको पीडा केवल एक व्यक्तिको होइन, देशभरका दलित, मधेसी, आदिवासी जनजाति, मुस्लिम, थारू, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक र आर्थिक रूपमा विपन्न समुदायको साझा आवाज हो । सर्वोच्च अदालतको आदेशले यही सामूहिक पीडालाई संवैधानिक मान्यता दिएको छ ।

धारा ४२ ले स्पष्ट रूपमा राज्यका निकायमा समानुपातिक समावेशी सहभागिताको हक सुनिश्चित गरेको छ । तर व्यवहारमा हेर्दा राज्य संयन्त्र अझै पनि सीमित वर्ग र पहुँचवालाको वरिपरि घुमिरहेको यथार्थ लुकाउन सकिँदैन । नीति निर्माणदेखि कार्यान्वयनसम्म सामाजिक न्यायको प्रश्न प्राथमिकतामा नपर्नु राज्यको असफलता हो । संविधानले व्यवस्था गरेअनुसार शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर प्रदान गर्ने दायित्व पूरा गर्न राज्य चुक्दै आएको छ । अपाङ्गता भएका नागरिकको हकको विषयमा त राज्यको संवेदनशीलता झन् कमजोर देखिन्छ । मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन तथा सार्वजनिक सेवा-सुविधामा समान पहुँचको हक संविधानमै उल्लेख भए पनि भौतिक संरचना, सेवा प्रवाह र नीतिगत तहमा त्यसको प्रभावकारी कार्यान्वयन भएको छैन । अपाङ्गता भएका नागरिकलाई अझै पनि सहानुभूतिको दृष्टिले मात्र हेर्ने प्रवृत्ति विद्यमान छ, अधिकारको दृष्टिले होइन । किसानका हकसम्बन्धी व्यवस्था पनि व्यवहारमा ओझेलमा परेका छन् । कृषि प्रधान देश भनिए पनि किसानलाई भूमिमा पहुँच, परम्परागत बीउबिजनको संरक्षण र रोजगारीको सुनिश्चितता आज पनि चुनौतीकै रूपमा रहेको छ । किसान पलायन, भूमिहीनता र कृषि पेशाबाट विमुखता राज्यको दीर्घकालीन असफल नीतिको परिणाम हो । संविधानले दिएको हक कार्यान्वयन गर्न नसक्दा खाद्य सुरक्षासमेत जोखिममा पर्न थालेको छ । साथै, जनआन्दोलन, सशस्त्र सङ्घर्ष र लोकतान्त्रिक परिवर्तनका क्रममा जीवन उत्सर्ग गर्ने सहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, द्वन्द्वपीडित र विस्थापितप्रति राज्यको दायित्व अझै अधुरो छ । न्याय, सम्मान र प्राथमिकतासहित अवसर उपलब्ध गराउने संवैधानिक प्रतिबद्धता व्यवहारमा कमजोर देखिनु लोकतन्त्रकै मूल्यमा प्रश्न उठ्ने अवस्था हो ।

सर्वोच्च अदालतको निर्देशनात्मक आदेशले अब राज्यलाई बहाना बनाउने ठाउँ दिएको छैन । सङ्घ, प्रदेश र स्थानीय तहले आ-आफ्नो अधिकार क्षेत्रभित्र स्पष्ट कार्ययोजना, बजेट व्यवस्था र अनुगमन संयन्त्र निर्माण गर्नैपर्छ । सामाजिक न्याय कुनै दान वा कृपा होइन, संविधानले प्रत्याभूत गरेको मौलिक हक हो भन्ने बुझाइ राज्यका हरेक निकायमा स्थापित हुन जरुरी छ ।

अन्ततः, सामाजिक न्यायको वास्तविक कार्यान्वयन बिना समावेशी लोकतन्त्रको कल्पना अधुरो रहन्छ । अदालतको आदेशलाई केवल कागजी प्रक्रिया बनाएर टार्ने प्रवृत्ति दोहोरिएमा संविधानप्रतिको जनविश्वास गम्भीर रूपमा कमजोर हुनेछ । अब राज्यले आदेश होइन, जिम्मेवारी सम्झेर सामाजिक न्यायलाई व्यवहारमा उतार्ने साहस गर्नैपर्छ । यही नै संविधानको मर्म, भाव र लोकतान्त्रिक मूल्यको साँचो सम्मान हुनेछ ।

# मधेस, विकास र लोकतन्त्र



डा. शोभाकर पराजुली

मधेस नेपालकै अन्नको भण्डार हो। श्रमको ठूलो स्रोत हो। संस्कृतिको धनी भूगोल हो। तर यही मधेस आज पनि विकासका सूचकहरूमा पछाडि किन छ? शिक्षा, स्वास्थ्य, रोजगारी, पूर्वाधार, सुशासन- प्रत्येक क्षेत्रमा मधेस किन 'सम्भावनाको भूमि' मै सीमित रह्यो?

यो प्रश्न भावनात्मक मात्र होइन, गहिरो संरचनागत कारणसँग जोडिएको छ। मधेसको पछौटेपन कुनै समुदायको अक्षमता होइन, राज्य निर्माणको इतिहास, नीति निर्माणको पक्षपात र राजनीतिक नेतृत्वको असफलतासँग गाँसिएको यथार्थ हो यो।

मधेस पछाडि पर्नुको पहिलो र गहिरो कारण राज्यको ऐतिहासिक उपेक्षा हो। आधुनिक नेपाल निर्माण भएदेखि नै शक्ति, स्रोत र अवसर पहाड र काठमाडौं केन्द्रित रहे। मधेसलाई सधैं सीमावर्ती, सन्देहास्पद र केवल कर तथा उत्पादनको स्रोतका रूपमा हेरियो। नीति निर्माणमा मधेसको आवाज कमजोर रह्यो र जब आवाज उठ्यो, त्यसलाई 'असन्तोष' वा 'अराजकता' भनेर खारेज गरियो।

दोस्रो कारण हो- पूर्वाधारको असमान विकास। मधेस समथर भूभाग हुँदाहुँदै पनि गुणस्तरीय सडक, सिँचाइ, औद्योगिक क्षेत्र, विद्युत् वितरण र सहरी योजना सन्तोषजनक भएनन्। योजनाहरू बने, तर कार्यान्वयन कमजोर रह्यो; कहिले भ्रष्टाचारले, कहिले केन्द्र-प्रदेश समन्वयको अभावले।

तेस्रो, शिक्षा र स्वास्थ्यमा दीर्घकालीन लगानीको कमी। मधेसमा विद्यालय छन् तर गुणस्तर कमजोर छ। प्राविधिक शिक्षा र उच्च शिक्षामा पहुँच सीमित छ। स्वास्थ्य चौकी त छन्, तर चिकित्सक छैनन्। अस्पताल त छन्, तर सेवा छैन। यसले मानव विकास सूचकांकलाई तल तानिरह्यो।

चौथो, राजनीतिक नेतृत्वको विफलता पनि आत्मालोचनाको विषय हो। मधेसको नाममा राजनीति त भयो, तर दीर्घकालीन विकास एजेन्डा कमजोर रह्यो। पहिचान र अधिकारको आन्दोलन आवश्यक थियो तर त्यसलाई सुशासन, आर्थिक रूपान्तरण र संस्थागत सुधारसँग जोड्न सकिएन। नतिजा– आन्दोलनबाट सत्ता त आयो, तर जीवनस्तरमा ठोस परिवर्तन आएन । मधेसको विकास कुनै एक परियोजनाले होइन, बहु-आयामिक रूपान्तरणबाट सम्भव छ। यसको आधार कृषि, उद्योग, मानव पुँजी र सुशासन हुन्। पहिलो, कृषिको आधुनिकीकरण। मधेस कृषि प्रधान क्षेत्र हो, तर किसान अझै पनि परम्परागत खेतीमा सीमित छन्। सिँचाइ प्रणालीमा सुधार, भण्डारण, प्रशोधन उद्योग, बजार पहुँच र मूल्य स्थिरता बिना किसान गरिब नै रहन्छन्।

कृषि सहकारी, एग्रो-प्रोसेसिङ जोन र निजी-सार्वजनिक साझेदारीमार्फत कृषि मूल्य शृङ्खला निर्माण गर्नुपर्छ। यसमा दोस्रो हो- औद्योगिकीकरण र रोजगारी। मधेस भारतसँग जोडिएको रणनीतिक भूगोल हो। सीमावर्ती औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, साना तथा मझौला उद्योग प्रवर्द्धनले स्थानीय रोजगारी सिर्जना गर्न सक्छ। युवालाई वैदेशिक रोजगारीको बाध्यताबाट मुक्त गर्ने एकमात्र बाटो यही हो।

तेस्रो, शिक्षा र सीप विकास। मधेसको विकासको मेरुदण्ड मानव पुँजी हो। प्राविधिक शिक्षा, स्वास्थ्य शिक्षा, कृषि र उद्योगसँग जोडिएको सीप विकास अनिवार्य छ। विद्यालयमा गुणस्तर सुधार, शिक्षक तालिम र डिजिटल शिक्षामा लगानी बिना दीर्घकालीन परिवर्तन सम्भव छैन।

चौथो, स्वास्थ्य र सामाजिक सुरक्षा। कुपोषण, मातृ-शिशु मृत्युदर र रोगको बोझ घटाउन प्राथमिक स्वास्थ्य सेवामा बलियो लगानी चाहिन्छ। स्वास्थ्य बिमा, मोबाइल क्लिनिक र स्थानीय तहसँग समन्वय विकासको आधार हो । पाँचौं, सुशासन र संस्थागत क्षमता। विकास बजेट छ, तर परिणाम छैन- यो मधेसको साझा पीडा हो। पारदर्शिता, जवाफदेहिता र स्थानीय सरकारको क्षमता अभिवृद्धि बिना विकास नारामै सीमित रहन्छ।

नेपालमा चुनाव प्रायः भावना, पहिचान र व्यक्तिकेन्द्रित नारामा सीमित हुन्छ। मधेसमा पनि यही प्रवृत्ति हावी छ। तर अब विकासलाई केन्द्रीय मुद्दा बनाउने समय आएको छ।

पहिलो, मतदाताको चेतना। जनताले अब प्रश्न गर्न थाल्नुपर्छ, 'तपाईंले पाँच वर्षमा के गर्नुभयो?' जात, धर्म वा दलभन्दा माथि उठेर विकासको हिसाब-किताब माग्नुपर्ने बेला आएको छ। दोस्रो, घोषणापत्रको गम्भीरता। दलहरूले नाराभन्दा ठोस रोडम्याप प्रस्तुत गर्नुपर्छ- कृषि, उद्योग, शिक्षा, स्वास्थ्यमा के, कहिले र कसरी? बजेट र स्रोत के हो? कार्यान्वयन कसले गर्ने?

तेस्रो, स्थानीय मुद्दाको राष्ट्रियकरण। मधेसको विकास समस्या राष्ट्रिय बहस बन्नुपर्छ। बाढी, सुक्खा, सीमा व्यापार, रोजगारी- यी केवल मधेसका होइनन्, राष्ट्रिय मुद्दा हुन्। चौथो, मिडिया र नागरिक समाजको भूमिका। विकास केन्द्रित बहस, तथ्यमा आधारित बहस र जनदबाब बिना चुनावी एजेन्डा बदलिँदैन।

मधेसको विकासका लागि केही स्पष्ट प्राथमिकता क्षेत्र छन्- सिँचाइ र जल व्यवस्थापन। बाढी नियन्त्रण र बहुउपयोगी सिँचाइ। कृषि-उद्योग एकीकरण, उत्पादनदेखि बजारसम्म। सीमा व्यापार र लजिस्टिक्स- भन्सार, गोदाम, यातायात। प्राविधिक शिक्षा र सीप, युवामुखी रोजगार।

स्वास्थ्य र पोषण, मानव विकासको आधार। सुशासन र भ्रष्टाचार नियन्त्रण, विकासको प्राण। सहरी योजना र आवास, अव्यवस्थित सहरीकरण रोक्न। जलवायु अनुकूल विकास, बाढी, तातो हावा र कृषि जोखिम न्यूनीकरण गर्न।

मधेस पछाडि परेको छ, तर पछाडि नै रहनु नियति होइन। समस्या पहिचान भइसकेको छ; समाधानको बाटो पनि स्पष्ट छ। अब प्रश्न इच्छाशक्ति, नेतृत्व र नागरिक दबाबको हो। चुनाव केवल सत्ता हस्तान्तरणको प्रक्रिया होइन, विकासको दिशानिर्देश तय गर्ने अवसर हो। यदि मधेसले विकासलाई मतदानको केन्द्रमा राख्न सक्यो भने, मधेस मात्र होइन– नेपालकै विकासको गति बदलिन सक्छ। अब मधेसले सहानुभूति होइन, न्यायसहितको विकास माग्नुपर्छ। यही मागले मात्र लोकतन्त्रलाई सार्थक बनाउनेछ।

चुनाव कुनै औपचारिक अभ्यास मात्र होइन, यो राज्यको दिशा तय गर्ने सामूहिक निर्णय हो। यस्तो निर्णायक घडीमा विकास प्रमुख मुद्दा बन्नु अपरिहार्य छ, किनकि विकास बिना लोकतन्त्र केवल मतदानको प्रक्रियामा सीमित हुन्छ। नागरिकले भोग्ने दैनिक जीवन- रोजगारीको अभाव, कमजोर पूर्वाधार, शिक्षा, स्वास्थ्यको सङ्कट, कृषि र उद्योगको पिछडापन, यी सबै प्रश्नको केन्द्रमा विकास नै हुन्छ।

त्यसैले चुनावी बहस भावनात्मक नारा र व्यक्तिपूजाबाट माथि उठेर विकासका ठोस एजेन्डामा केन्द्रित हुनुपर्छ।

पहिलो, विकास नागरिकको जीवनस्तरसँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो। सडक, खानेपानी, बिजुली, शिक्षा, स्वास्थ्य, डिजिटल पहुँच- यी कुनै अमूर्त सपना होइनन्, दैनिक आवश्यकताहरू हुन्। जब विकास चुनावको मुख्य मुद्दा बन्छ, तब मतदाताले प्रत्याशीलाई 'तिमीले मेरो जीवन कसरी बदल्छौ?' भन्ने प्रश्न सोध्न थाल्छन्।

यसले राजनीति उत्तरदायी बन्छ र नेताहरूलाई ठोस योजना, समयसीमा र स्रोत व्यवस्थापनसहित कुरा गर्न बाध्य बनाउँछ। विकास केन्द्रित बहसले झूटा आश्वासनभन्दा नीतिगत स्पष्टतालाई प्राथमिकता दिन्छ।

दोस्रो, विकास रोजगारी र आर्थिक स्वावलम्बनको मूल आधार हो। नेपालजस्ता मुलुकमा बेरोजगारी, वैदेशिक पलायन र असमानता गहिरो समस्याका रूपमा रहेका छन्। यदि चुनावमा विकास प्रमुख मुद्दा बनाइयो भने उद्योग, कृषि आधुनिकीकरण, पर्यटन, साना तथा मझौला उद्यम, सीप विकासजस्ता विषयले स्थान पाउँछन्। यसले युवा वर्गलाई राजनीतिसँग जोड्छ, किनकि उनीहरूको मुख्य सरोकार भविष्य र अवसरसँग गाँसिएको हुन्छ। विकासको एजेन्डाले राज्यलाई उपभोगमुखी होइन, उत्पादनमुखी अर्थतन्त्रतर्फ डोर्‍याउँछ।

तेस्रो, विकासले सङ्घीयता र स्थानीय शासनलाई अर्थपूर्ण बनाउँछ। विकास बिना सङ्घीय संरचना केवल प्रशासनिक पुनर्संरचना मात्र रहन्छ। चुनावमा विकासको बहस हुँदा प्रदेश र स्थानीय तहको भूमिका, अधिकार र स्रोतको न्यायोचित बाँडफाँडमाथि प्रश्न उठ्छ। यसले 'केन्द्रले के दियो?' भन्दा 'स्थानीय सरकारले के गर्‍यो?' भन्ने संस्कार विकास गर्छ। नजिकको सरकार जवाफदेही हुन्छ, नागरिक सहभागिता बढ्छ र लोकतन्त्रको जरा गहिरिन्छ । चौथो, विकास सुशासनसँग गाँसिएको मुद्दा हो। योजना कार्यान्वयन, बजेट खर्च, भ्रष्टाचार नियन्त्रण, पारदर्शिता- यी सबै विकासकै अङ्ग हुन्। विकासलाई चुनावी मुद्दा बनाउँदा सुशासन स्वतः छलफलमा आउँछ। मतदाताले नारा होइन, परिणाम खोज्छन्। यसले शक्ति प्राप्तिपछिको राजनीति होइन, नीति-परिणामको राजनीति जन्माउँछ।

अन्ततः, विकासलाई चुनावको प्रमुख मुद्दा बनाउनु भविष्यप्रतिको जिम्मेवारी हो। विभाजनकारी राजनीति, अस्थायी उत्तेजना र खाली राष्ट्रवादले दीर्घकालीन समाधान दिँदैन। विकासले मात्र आशा, स्थिरता र समावेशी प्रगतिको बाटो खोल्छ। त्यसैले चुनाव जित्ने रणनीति होइन, देश बनाउने दृष्टि विकासमै खोजिनु पर्छ। लोकतन्त्रको सार यही हो- जनताको जीवन बदल्ने राजनीति।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

## दही सम्बन्धी भ्रम र यथार्थः

# के राति दही खान हुन्छ ?

*१. के राति दही खान हुन्छ?*

**यथार्थ:** राति दही खान नहुने कुनै ि
मा दही खानु सुरक्षित हुन्छ र
मानिन्छ।

**सावधानी:** धेरै तेल-मसला भएको
नखादा राम्रो हुन्छ।

*२. के दही खाँदा रुघा लाग्छ*

**यथार्थ:** दही खाँदा कफ (म्युकस)
सम्बन्धी कुनै संक्रमण पनि ग
भन्ने कुराको कुनै वैज्ञानिक अ

**अपवाद:** यदि कसैलाई दहीसँग संवे
हुन सक्छ।



*३. के दही खाँदा तौल बढ्छ ?*
**यथार्थ:** दहीले तौल बढाउँछ भन्नु ठूलो भ्रम हो। यसमा प्रोटिन र प्रोबायोटिक्स प्रशस्त हुन्छ, जसले पेट लामो समयसम्म भरिएको महसुस गराउँछ र मेटाबोलिजमलाई सहयोग गर्छ। त्यसैले दहीले तौल घटाउन मद्दत गर्छ।

*४. के खानासँग दही खानु हुँदैन?*
**यथार्थ:** नेपाली खानामा दही पनि साथमै पस्किने चलन छ। खानासँग दही खाँदा यसले रगतमा सुगरको मात्रा एक्कासि बढ्न दिँदैन र शरीरले पोषक तत्वहरू राम्रोसँग लिन मद्दत गर्छ।

*५. पाचनका लागि कस्तो हुन्छ?*

**यथार्थ:** ताजा दही पाचनका लागि एकदमै राम्रो हुन्छ। यसले आन्द्राको स्वास्थ्य राम्रो बनाउँछ।

**सावधानी:** धेरै अमिलो वा बासी दही धेरै खाएमा भने पाचनमा समस्या भएकाहरूलाई गाह्रो हुन सक्छ।

*६. के मधुमेह का बिरामीले दही खान मिल्छ?*

**यथार्थ:** चिनी नराखेको सादा दहीको ग्लाइसेमिक इन्डेक्स कम हुन्छ। यसले इन्सुलिन सेन्सिटिभिटीलाई राम्रो बनाउन मद्दत गर्छ। त्यसैले मधुमेहका बिरामीले दही खान मिल्छ, तर ठिक्क मात्रामा मात्र खानुपर्छ।

# रोएपछि साँच्चै कम हुन्छ तनाव ?

एजेन्सी

काठमाडौँ । के तपाईंलाई कहिल्यै बिना कारण रुन मन लाग्छ ? बिना कारण पनि तपाईं रुनु भएको छ ? आत्तिनु पर्दैन । यो सामान्य कुरा हो । अनि अर्को कुरा रुनु शरीरको लागि वरदान पनि हो । खुलेर रुँदा तनाव कम हुने र तपाईंले राम्रो महसुस गर्ने अध्ययनहरूले देखाएका छन् ।



रुँदा हाम्रो शरीरको प्यारासिम्पेथेटिक स्नायु प्रणाली सक्रिय हुन्छ । सरल शब्दमा भन्नु पर्दा जब कोर्टिसोलको स्तर उच्च हुन्छ, शरीरले यसबाट बाहिर निस्कने बाटो खोज्छ । यस्तोमा रुँदा तपाईंलाई तनावपूर्ण अवस्थाबाट बाहिर निस्कन मद्दत गर्न सक्छ ।

धेरै नै तनाव महसुस गर्दै हुनुहुन्छ भने तपाईंसँग कोर्टिसोलको स्तर उच्च हुन सक्छ । यस अवस्थामा रुँदा तनाव कम हुनेछ र तपाईंलाई राम्रो महसुस हुनेछ । क्लिभल्याण्ड क्लिनिकद्वारा प्रकाशित एक रिपोर्टका अनुसार खुलेर रुँदा छातीबाट भारी बोझ हटेको जस्तो महसुस हुन्छ । यसले नकारात्मक सोचलाई रोक्छ, जुन शारीरिक र मानसिक स्वास्थ्यको लागि हानिकारक हुनसक्छ ।

आँसुले आन्तरिक दबाब कम गर्न मद्दत गर्छ । व्यक्त नगरिएका भावनाहरूले छाती, घाँटी र टाउकोमा तनाव सिर्जना गर्न सक्छन् । जब तपाईं रुनुहुन्छ, यो दबाब कम हुन्छ, जसले गर्दा तपाईंलाई हल्का महसुस हुन्छ ।

यदि तपाईं धेरै पीडामा हुनुहुन्छ र निराश महसुस गर्दै हुनुहुन्छ भने तपाईंलाई रुन मन लाग्न सक्छ भनेर क्लिभल्याण्ड क्लिनिकको रिपोर्टले भन्छ । तपाईंले आँसु बगाउनुभयो भने पनि चीजहरू अलि स्पष्ट हुन सक्छन् र तपाईं ती भावनाहरूलाई केही स्पष्टताका साथ 'डिल' गर्न सक्नुहुन्छ ।






## धनुषामा.........

धानको भुक्तानी भने सरकारले किसानको बैंक खातामै पठाउने व्यवस्था गरेको छ । कार्यालयका अनुसार कम्पनीको गोदाम नजिक दुईवटा काँटा राखी बिहान १० बजेदेखि साँझ ५ बजेसम्म किसानले ल्याएको धान खरिद भइरहेको छ । हालसम्म धनुषा र महोत्तरी जिल्लाका २४० जना किसानले स्थानीय तहको सिफारिसमा धान बिक्री गरिसकेका छन् ।

धान बिक्री गर्ने किसानमध्ये धनुषाको लक्ष्मीनिया गाउँपालिका, नगराइन नगरपालिका, क्षिरेश्वरनाथ नगरपालिका तथा महोत्तरीको बलवा नगरपालिकाका किसानको सङ्ख्या बढी रहेको उहाँले बताउनुभयो । यस वर्ष कार्यालयले १३ हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएको वरिष्ठ सहायक जयकिशुनप्रसाद चौधरीले जानकारी दिनुभयो ।

सरकारले यस वर्ष सोना मन्सुली धानको समर्थन मूल्य प्रतिक्विन्टल तीन हजार ६२८ रुपियाँ ३३ पैसा तोकेको छ । धान खरिदअघि गुणस्तर परीक्षण गर्ने गरिएको र गुणस्तरीय धान मात्र खरिद भइरहेको कार्यालयको गुणस्तर शाखाकी अधिकृत सरला प्रजापतिले जानकारी दिनुभयो ।

# एआईको सहयोगमा स्तन क्यान्सरको पहिचान

काठमाडौँ । डाक्टरहरूले कृत्रिम बौद्धिकता (एआई)को सहयोगमा स्तन क्यान्सरका धेरै बिरामी पत्ता लगाउन सकिरहेका छन् । यो कुरा विश्वकै पहिलो ठुलो परीक्षणमा खुलासा भएको हो । यस अध्ययनको नतिजाले अब देशहरूले स्क्यानिङमा एआईको क्षमताहरू प्रयोग गर्ने कार्यक्रमहरू सुरु गर्नुपर्छ भन्ने सुझाव दिएको अग्रणी स्वीडिश अनुसन्धानकर्ताहरूले भनेका छन् ।

रेडियोलोजीको क्षेत्रमा पहिला देखि नै कर्मचारीको अभाव छ । क्यान्सरको पहिचानमा एआईको प्रयोगले रेडियोलोजिस्टहरूमाथि पर्ने कामको भार कम गर्न सक्ने आशा गरिएको छ ।

२०२२ मा च्याटजीपीटीको सुरुवात हुनुभन्दा धेरै अघि नै वैज्ञानिकहरूले मेडिकल स्क्यानहरू पढ्न एआईको सम्भावनाको परीक्षण गरिरहेका थिए । यो अध्ययनको नतिजा मेडिकल जर्नल द ल्यान्सेटमा प्रकाशित



भएको छ ।

नयाँ अध्ययन आफ्नो प्रकारको पहिलो पूर्ण अनियमित नियन्त्रित परीक्षण भएको बताइएको छ । यसलाई अनुसन्धानको सबैभन्दा भरपर्दो विधि मानिएको छ । यस परीक्षणमा २०२१ र २०२२ को बिच नियमित स्तन क्यान्सर स्क्यानहरू गरिएका १ लाखभन्दा बढी स्विडेनी महिलाहरू समावेश थिए ।

अध्ययनमा महिलाहरूलाई दुई समूहमा विभाजन गरिएको थियो । पहिलो समूहमा, एआई प्रणालीको सहयोगमा रेडियोलोजिस्टद्वारा स्क्यानहरू हेरिएको थियो । दोस्रो समूहले परम्परागत युरोपेली विधि प्रयोग गरुरेको थियो ।

जसमा दुई रेडियोलोजिस्टहरूले एकसाथ स्क्यानहरूको समीक्षा गरेका थिए । अध्ययनको नतिजाहरू आश्चर्यजनक थिए । एआईको सहायतामा भएको स्क्यानको विश्लेषणमा स्तन क्यान्सरका ९५ बढी बिरामी फेला परेका थिए ।

अर्को दुई वर्षमा एआई प्रयोग गरिएको समूहका महिलाहरूमा पनि नियमित जाँचको क्रममा क्यान्सरको दर १२ प्रतिशत कम देखियो । यी केसहरूलाई बिरामीलाई 'इन्टरभल क्यान्सर' भनिन्छ । यो झन् बढी खतरनाक हुन सक्छ । यो सुधार सबै उमेरका र फरक-फरक स्तन घनत्व भएका महिलाहरूमा देखिएको थियो । यद्यपि, दुवै समूहहरूमा 'फल्स पोजिटिभिटी'को दर लगभग समान रह्यो ।

एआईको सहायता प्राप्त म्यामोग्राफी बृहत स्तरमा अपनाउनाले रेडियोलोजिस्टहरूको कामलाई सजिलो बनाउन सक्ने र प्रारम्भिक चरणमा क्यान्सर पत्ता लगाउन सक्ने अध्ययनकी वरिष्ठ लेखक र स्वीडेनको लुन्ड विश्वविद्यालयकी प्राध्यापक क्रिस्टिना लाङले बताइन् । यद्यपि, उनले सावधानी र निरन्तर निगरानीको आवश्यकतामा पनि जोड दिइन् । एआईको प्रयोगको साथसाथै डाक्टरको अनुभव पनि आवश्यक रहेको रेडियोलोजिस्टहरूको फ्रान्सेली संघका प्रमुख जीन-फिलिप म्यासनले भने । कहिलेकाहीं एआईले क्यान्सर नभएको बदलावलाई समेत क्यान्सर सम्झने गल्ती गर्दछ ।

यस अध्ययनले एआईको सहायता प्राप्त क्यान्सर स्क्रिनिङ सुरक्षित छ भनेर देखाएको लन्डनको क्वीन मेरी विश्वविद्यालयका प्राध्यापक स्टीफन डफीले भनेका छन् । तर इन्टरभल क्यान्सरमा आएको कमी अझै पनि निर्णायक नभएको र थप फलोअप आवश्यक रहेको उनको भनाइ छ । २०२३ मा केही परीक्षणका प्रारम्भिक नतिजाहरूले पनि एआईले रेडियोलोजिस्टहरूको स्क्यान समय लगभग आधा घटाएको देखाएको थियो ।

यस परीक्षणमा प्रयोग गरिएको एआई मोडेल ट्रान्सपारालाई १० देशहरूबाट प्राप्त २ लाख बढी क्यान्सर स्क्यानबाट प्रशिक्षित गरिएको थियो । विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ)का अनुसार, २०२२ मा विश्वभर २३ लाख भन्दा बढी महिलाहरूलाई स्तन क्यान्सर भएको छ । लगभग ६ लाख ७० हजार महिलाको मृत्यु यस रोगका कारण भएको थियो ।

# तोकिएको समयमा निष्पक्ष निर्वाचन हुन्छ : प्रधानमन्त्री

काठमाडौं, १९ माघ । संवैधानिक लय र निर्वाचनको प्रतिबद्धताः २०८२ भदौको 'जेनजी' (न्भल श) युवा आन्दोलनपछि गठित अन्तरिम सरकारको मुख्य जिम्मेवारी मुलुकलाई संवैधानिक लयमा फर्काउनु रहेको र सोही बमोजिम २०८२ फागुन २१ गते स्वच्छ र निष्पक्ष प्रतिनिधि सभा निर्वाचन सम्पन्न गर्न सरकार पूर्ण प्रतिबद्ध रहेको।



शासकीय त्रुटिको स्वीकारोक्तिः भदौ २३ र २४ गतेको युवा विद्रोहलाई शासकहरूको संवेदनहीनता, भ्रष्टाचार र युवा आकाङ्क्षाको उपेक्षाविरुद्धको 'ऐना' को रूपमा लिँदै, राज्यका तीनै अङ्ग (कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका) ले आफ्ना कमजोरी सुधार्नुपर्नेमा जोड।

सुशासन र सदाचारको मार्गचित्रः भ्रष्टाचार न्यूनीकरणका लागि प्रविधिमा आधारित 'सुशासनको मार्गचित्र' (न्यखभचलबलअभ द्यगिभउचष्लत) अन्तिम चरणमा पुगेको र आगामी 'सदाचार नीति'ले भ्रष्टाचारशून्य नेपाल बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास।

मितव्ययिता र व्यावसायिक स्वतन्त्रताः अन्तरिम सरकारले अनावश्यक सुविधा कटौती गरी मितव्ययिता अपनाएको र सार्वजनिक निकाय तथा नियमनकारी संस्थाहरूलाई कुनै पनि राजनीतिक दबाब नदिई व्यावसायिक स्वतन्त्रताका साथ काम गर्न दिएको दाबी।

नयाँ राजनीतिक संस्कृतिको प्रस्थानविन्दुः आगामी निर्वाचन केवल जनप्रतिनिधि छान्ने प्रक्रिया मात्र नभई नेपालको नयाँ राजनीतिक संस्कृतिको प्रस्थानविन्दु बन्नुपर्ने र यसका लागि सबै पक्षलाई निर्वाचन आचारसंहिता पालना गर्न अपिल।

काठमाडौँ, माघ १९ गते । प्रधानमन्त्री सुशीला कार्कीले राष्ट्रिय सभाको बैठकलाई आज पहिलोपटक सम्बोधन गर्दै तोकिएको समयमा स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा प्रतिनिधि सभाको निर्वाचन हुने विश्वास व्यक्त गर्नुभएको छ । यही माघ ४ गतेदेखि सुरु भएको सभाको १९औँ अधिवेशन अन्तर्गतको पाँचौँ बैठकमा प्रधानमन्त्री कार्कीले सम्बोधन गर्दै सरकारका प्राथमिकताका रूपमा रहेको प्रतिनिधि सभा सदस्य निर्वाचनको तयारी र सुशासनका क्षेत्रमा भइरहेका कामबारे सदस्यहरूलाई जानकारी गराउनुभयो । उहाँले आफू कुनै शासकीय आकाङ्क्षा बोकेर नभई विषम परिस्थितिमा प्रधानमन्त्री भएकाले तोकिएको समयमा प्रतिनिधि सभाको निर्वाचनबाट बन्ने नयाँ सरकारलाई जिम्मेवारी हस्तान्तरण गर्न आफू आतुर रहेको पनि स्पष्ट गर्नुभयो । प्रधानमन्त्री कार्कीले गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको अवस्थामा गठित अन्तरिम सरकारका प्रधानमन्त्री कार्कीले हालै राष्ट्रिय सभाको हालै भएको निर्वाचनमा विजयी सदस्यहरूलाई बधाई पनि दिनुभयो । प्रधानमन्त्री कार्कीले 'विकास, आर्थिक मामिला तथा सुशासन' समितिका सभापति कमला पन्तबाट प्रस्तुत 'राष्ट्रिय सदाचार नीतिसम्बन्धी अध्ययन प्रतिवेदन, २०८२' माथिको छलफलमा सदस्यहरूले उठाएका प्रश्नको जवाफ पनि दिनुभयो । रासस

# शेख हसिनालाई छुट्टाछुट्टै मुद्दामा १० वर्षको जेल सजाय

एजेन्सी

ढाका १९ माघ । बङ्गलादेशको एउटा अदालतले पूर्वप्रधानमन्त्री शेख हसिनालाई छुट्टाछुट्टै भ्रष्टाचार मुद्दामा १० वर्षको जेल सजाय सुनाएको छ । यी मुद्दाहरू सरकारी आवास परियोजनामा रुरुजग्गा बाँडफाँटमा अनियमिततासँग सम्बन्धित छन् ।

ढाकाको विशेष न्यायाधीश अदालत-४ का न्यायाधीश रबिउल आलमले सोमबार यो फैसला सुनाएका हुन् । अदालतले दुवै मुद्दामा शेख हसिनालाई पाँच वर्षको जेल सजाय सुनाएको छ ।

यी मुद्दाहरू राजधानी ढाका नजिकैको पूर्वाचोल क्षेत्रमा चलिरहेको राजुक नयाँ सहर परियोजनासँग सम्बन्धित छ । त्यहाँ १० कट्ठाका दुई जग्गा अनूचित रूपमा बाँडफाँट गरिएको आरोप छ ।

अभियुक्तहरूले आफ्नो पदको दुरुपयोग गरेर, नियम उल्लङ्घन गरी जग्गा बाँडफाँट प्रक्रियामा हेरफेर गरेको अभियोजन पक्षले बताएका छन् । यो परियोजना राजधानी विकास प्राधिकरण (राजुक) अन्तर्गत पर्दछ ।

यी मुद्दामा हसिना बाहेक उनको परिवारका कयौँ सदस्यलाई पनि दोषी ठहराइएको छ । सोही क्रममा ट्युलिप सिद्दिकीलाई कुल चार वर्षको जेल सजाय सुनाइएको छ । त्यस्तै रदवान मुजीब सिद्दिकी र अजमिना सिद्दिकीलाई सात-सात वर्षको सजाय सुनाइएको छ ।अदालतमा आत्मसमर्पण गरेका राजुक सदस्य मोहम्मद खुर्शीद आलमलाई दुई वर्षको जेल सजाय सुनाइएको छ । सबै अभियुक्तहरूलाई एक लाख टाका जरिवाना तिर्न आदेश दिइएको छ । जरिवाना तिर्न नसकेमा थप ६ महिना जेल सजाय हुनेछ ।

सरकारी जागिरमा आरक्षण कोटा तोकिएको विरोधको विद्यार्थी आन्दोलन उग्र बनेपछि गत वर्ष अगस्ट ५ मा हसिना बङ्गलादेशबाट भागेर भारत पुगेकी थिइन् ।

यसअघि अदालतले उनलाई भगौडा घोषित गरेको थियो । दुवै मुद्दा बङ्गलादेश भ्रष्टाचार विरोधी आयोगले दायर गरेको थियो । आयोगले जग्गा बाँडफाँटमा शक्तिको दुरुपयोग र स्थापित नियमहरूको उल्लङ्घन भएको बताएको छ ।

# रामुपा परित्याग गरेका संजय चौधरी र सिंहको राजनीतिक यात्रा अझै अन्योलमा

दैनिक समाचारदाता

जनकपुरधाम, १९ माघ । राष्ट्रिय मुक्ति पार्टी नेपाल (रामुपा) परित्याग गरेका नेता संजय चौधरी र संजय सिंह हाल कुन राजनीतिक दलमा आबद्ध हुने भन्ने विषयमा विचाराधीन अवस्थामा रहेका छन् । देश निर्वाचनमय वातावरणमा प्रवेश गरिसकेको बेला उनीहरूको आगामी राजनीतिक निर्णयलाई लिएर मधेश राजनीतिक वृत्तमा चासो बढ्दै गएको छ ।



रामुपा छाडेपछि उनीहरू विभिन्न दलका नेताहरूसँग सम्पर्कमा रहेको बुझिएको छ । यसै सन्दर्भमा संजय चौधरीले आफू अहिले हतारमा कुनै पनि दलमा प्रवेश नगर्ने स्पष्ट पारेका छन् । "देश अहिले निर्वाचनको संघारमा छ । विशेषगरी नयाँ पुस्ता केन्द्रित 'जेन(जेड' आन्दोलन र मधेशी जनताको राजनीतिक चाहनालाई गम्भीर रूपमा अध्ययन गरिरहेको छु," उनले भने, "म सधैं मधेशी जनताको अधिकार, पहिचान र सम्मानका लागि संघर्ष गर्दै आएको व्यक्ति हुँ । मधेशी जनताको शहादत र बलिदानलाई लत्याउने कुनै पनि राजनीतिक शक्तिसँग म जान सक्दिनँ ।"

उनका अनुसार एमाले, नेपाली कांग्रेस, कम्युनिस्ट घटकसहित विभिन्न राजनीतिक दलहरूले आफूलाई पार्टीको उच्च तहमा स्थान दिने प्रस्ताव गरिरहेका छन् । तर, ती प्रस्तावभन्दा पनि पार्टीको नीति, विचार र मधेशप्रतिको प्रतिबद्धता आफूका लागि निर्णायक हुने उनको भनाइ छ । "पद र हैसियतभन्दा विचार ठूलो कुरा हो," चौधरीले थपे, "त्यसैले म अहिले गम्भीर विचार(विमर्शकै चरणमा छु ।"

यस्तै, अर्का नेता संजय सिंहले आफूलाई 'राजनीतिक प्राणी'को संज्ञा दिँदै राजनीति नै आफ्नो जीवनको मार्ग भएको बताएका छन् । तर निर्वाचनको समय भएकाले दलहरूबाट आउने प्रस्तावप्रति सतर्क रहेको उनको भनाइ छ । "निर्वाचन जित्न दलहरूले जे पनि गर्न सक्छन्," सिंहले भने, "तर म मधेशी जनताको भावना बुझ्ने, उनीहरूको पीडा र अपेक्षाअनुसार शान्ति(सुरक्षा, विकास र सुशासनमा काम गर्ने पार्टीमै जानेछु ।"

सिंहका अनुसार कांग्रेस, एमालेलगायत ठूला दलका नेताहरूले लिखित सम्झौता गरेर आउनसमेत आग्रह गरिरहेका छन् । तर विगतमा ती दलहरूको मधेशप्रतिको व्यवहार र वर्तमान राजनीतिक अवस्थालाई मूल्यांकन गर्दै आफू भावनात्मक होइन, विवेकपूर्ण निर्णयमा पुग्ने उनले बताए । "विगत र वर्तमानलाई हेरेर मात्रै म कुनै पार्टीमा प्रवेश गर्नेछु," उनले स्पष्ट पारे ।


यसैबीच, राष्ट्रिय मुक्ति पार्टी नेपाल परित्याग गरेका संजय चौधरी, संजय सिंहलगायत नेता तथा कार्यकर्ताहरू जनता समाजवादी पार्टी (जसपा) नेपालमा प्रवेश गर्ने विषय लगभग निश्चित भइसकेको स्रोतको दाबी छ । स्रोतका अनुसार निर्वाचन अघि नै उनीहरू जसपा नेपालमा औपचारिक रूपमा आवद्ध हुने तयारीमा छन् ।

स्रोतले मधेश जनताको अधिकार, पहिचान र समावेशी राजनीतिका सवालमा निरन्तर संघर्ष गर्दै आएको दलका रूपमा जसपा नेपाल नै उपयुक्त विकल्प भएको ठोकुवा गरेको छ । मधेशी मुद्दालाई केन्द्रमा राखेर व्यवहारिक राजनीति गर्ने दल भएकाले चौधरी, सिंहसहितका नेता(कार्यकर्ताहरू अन्ततः जसपा नेपालमै जाने सम्भावना बलियो देखिएको स्रोतको भनाइ छ ।

यता नेता चौधरी र सिंहले पनि जसपा नेपालले आफूलाई चाहे अनुसारको स्थान दिने भनिएकोले जाने सम्भावना रहेको बताएका छन् ।

# एमालेको चुनावी घोषणापत्र : राष्ट्रियताको मुद्दा प्राथमिकतामा

काठमाडौँ १९ माघ । नेकपा एमालेले फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा मतदातासँग मत माग्ने चुनावी घोषणापत्र बनाउँदा राष्ट्रियताको मुद्दालाई पहिलो प्राथमिकतामा राख्ने भएको छ । एमालेले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा चुनावी घोषणापत्र लेख्ने काम भइरहेको एमाले केन्द्रीय कार्यालयका सचिव डा. भीष्म अधिकारीले जानकारी दिए ।




'अध्यक्षकै नेतृत्वमा घोषणापत्र लेख्ने काम भइरहेको छ । सायद फागुन पहिलो वा दोस्रो साताभित्र सार्वजनिक होला', अधिकारीले रातोपाटीसँग भने, 'यस पटक हाम्रो चुनावी घोषणापत्र सटिक र स्पष्ट हुन्छ । त्यसमा देशको राष्ट्रियता नै पहिलो प्राथमिकता हुनेछ ।'

नेकपा एमालेको गत पुस २२ गते बसेको सचिवालय बैठकले अध्यक्ष ओलीको नेतृत्वमा ६ सदस्यीय चुनावी घोषणापत्र मस्यौदा कमिटी गठन गरेको थियो । घोषणापत्र मस्यौदा कमिटीमा उपाध्यक्षहरू रामबहादुर थापा 'बादल', विष्णु पौडेल, महासचिव शंकर पोखरेल तथा नेताहरू ईश्वर पोखरेल, प्रदीप ज्ञवाली र विष्णु रिमाल पनि सदस्य रहेका छन् ।

२०७९ को प्रतिनिधिसभा निर्वाचनमा एमालेले 'समृद्ध नेपाल सुखी नेपाली'को नारा अघि सार्दै सुशासन, विकास, समृद्धि र समानतामा जोड दिएको थियो । 'पाँच वर्षः एमालेले गर्छ' भन्ने नारालाई शीर्षस्थानमा राखेको थियो ।

अघिल्लो चुनावको घोषणापत्रमा 'बलियो राष्ट्रियता र सुदृढ लोकतन्त्र' मूल मन्त्र र राष्ट्रिय सङ्कल्प र 'समृद्ध नेपाल, सुखी नेपाली' सहितका महत्त्वाकाङ्क्षा राखेको एमालेले पाँचै वर्ष सरकार नचलाए पनि एक पटक प्रचण्डको नेतृत्वमा सरकारमा सहभागी भयो भने अर्को पटक कांग्रेससँग मिलेर आफ्नै नेतृत्वमा सरकार बनाएको थियो । तर कांग्रेस गठबन्धनमा अध्यक्ष ओलीको नेतृत्वमा बनेको सरकार भदौ २३ र २४ को जेनजी आन्दोलनले ढलेको थियो ।

'नेकपा एमाले राष्ट्र, राष्ट्रियता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय एकताप्रति सचेत छ, प्रतिवद्ध छ र संवेदनशील छ । यसले न्याय, समानता, सद्भाव,समृद्धि र गौरवका माध्यमबाट राष्ट्रिय एकतालाई सुदृढ र मजबुत बनाउनेछ', नेकपा एमालेले एमालेले 'मैत्रीभाव, सक्रियता, र एकतालाई नेपालको राष्ट्रिय नीति र समाजको मुल चरित्रका रुपमा विकास गर्ने' जनाएको थियो । घोषणापत्रको मूलमन्त्रमा 'बलियो राष्ट्रियता र सुदृढ लोकतन्त्र'को विषय समेटेको एमालेले चुनावमा गरेका प्रतिबद्धता पूरा गर्न पूरा कार्यकाल सरकार चलाउन नपाएको भन्दै यसपटक पनि पहिलाका प्रमुख मुद्दालाई नै घोषणापत्रमा समेट्ने तयारी गरेको हो ।

त्यस्तै २०७९ को चुनावी घोषणापत्रमा आफ्नो नेतृत्वको सरकार बने २० कामको ग्यारेन्टी गर्ने लक्ष्य राखेको एमालेले त्यसमा नेपालीलाई मात्र नागरिकता, हंगर नो लंगर, उत्पादन स्वदेशी, बजार विदेशी, सुरक्षित छानाः पुग्छ सबैको चाहना, कमाइः युवाको रोजाइ, पढाइ भविष्यको रोजाइ, प्रेसर सुगरः भइन्न बिरामी औषधि बेगर लगायतका विषय समेटेको थियो ।

त्यसबाहेक खानेपानीमा फ्रि मिटरः दस हजार लिटर, खेताबारीमा पानीः खाडीमा हैन, स्वदेशमै जवानी, दिनदिनै सडक विस्तारः विकासका पूर्वाधारका आधार, भूमिगत तारः सहर बजार, नो लाइनः सेवा अनलाइन, ५ लाख रोजगारः न्यूनतम ज्याला २५ हजार, समृद्धिसँगको नाताः सबैको बैंक खाता, फाईभजी सञ्चारः आइटीमा चमत्कार, हामी सामाजिकः सभ्य नागरिक, हाम्रो अर्थः १०० खर्ब जस्ता लक्ष्य पूरा गर्ने एमालेको प्रतिबद्धता थियो ।

'बलियो राष्ट्रियता र सुदृढ लोकतन्त्र, दिगो आर्थिक विकास र उच्च आर्थिक वृद्धिदर, भूमिको वैज्ञानिक व्यवस्थापन' लगायत कार्यक्रम घोषणापत्रमा समेटिनेछन्', घोषणापत्र मस्यौदा कमिटीका सदस्य विष्णु रिमाल भन्छन्, 'सन्तुलित परराष्ट्र नीतिलाई निरन्तरता दिँदै बलियो राष्ट्रियताको मुद्दा छाड्ने कुरा हुँदैन ।'

२०७९ मङ्सिरको निर्वाचनलगत्तै तत्कालीन माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा एमाले(माओवादी गठबन्धन सरकार बने पनि ती एमालेले घोषणापत्रमा अघि सारेका मुद्दा कार्यान्वयनका लागि अघि बढाएन ।यद्यपि प्रचण्ड नेतृत्वको सरकारबाट एमाले दुई महिनापछि बाहिरिएको थियो । त्यसपछि २०८१ असारमा एमाले अध्यक्ष ओलीकै नेतृत्वमा कांग्रेस(एमाले गठबन्धनको सरकार बनेपनि एमालेले घोषणापत्रमा जनाएका प्रतिबद्धता कार्यान्वयनतर्फ खासै चासो देखाएन ।

अघिल्लो निर्वाचनमा २० ग्यारेन्टीमार्फत प्रतिव्यक्ति आय दोब्बर गर्ने जनाएको एमालेले कृषिको व्यवसायीकरण गर्ने, सानामझौला तथा ठुला उद्योगको विस्तारबाट राष्ट्रिय आयमा उल्लेख्य वृद्धि गर्ने जनाएको थियो । त्यस्तै पर्यटनमा आधारित सेवा विस्तार, नेपाल भ्रमण गर्ने विदेशी पर्यटकको सङ्ख्या ५ वर्षभित्र वार्षिक २५ लाख पुऱ्याउने, कुल ग्राहस्थ उत्पादन (जिडिपी) लाई ५ वर्षभित्र एकसय खर्व पुऱ्याउने तथा नेपालीको औसत प्रतिव्यक्ति आम्दानी रु ३ लाख (२४०० अमेरिकी डलर) पुऱ्याउने उल्लेख गरेको थियो ।

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४